नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय दोलखा

फोन : ०४९-४२१११९
फ्याक्स : ०४९-४२१०८२
email:
dolakha@dolma.gov.np

## भू-सेवा केन्द्र सञ्चालन सम्बन्धमा जरुरी सूचना।

प्रकाशित मितिः २०७७/११/१३

भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि मालपोत नियमावली २०३६ को नियम २३क र २३ख बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७ मा तोकिए बमोजिम पूर्वाधार भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय सरकारले अनुमति लिनको लागि मिति २०७७/११/१३ देखि २०७७/१२/१३ सम्म https://public.dolma.gov.np मार्फत् अनलाइन निवेदन पेश गरी सोसँग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो ३० दिने सूचना प्रकाशित गरिएको छ।

भू-सेवा केन्द्रको अनुमति किसिम र योग्यता निम्नानुसार हुनेछ।

| व्यक्तिको हकमा | रजिष्टर्ड संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| क. नेपाली नागरिक<br>ख. अठार वर्ष उमेर पूरा भएको<br>ग. कम्प्युटर विषय लिई कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको<br>घ. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. लिएको<br>ङ. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको<br>च. नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको। | क. प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको<br>ख. संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भई अठार वर्ष उमेर पूरा भएको<br>ग. संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको<br>घ. प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नं. लिएको<br>ङ. कर चुक्ता प्रमाणपत्र भएको<br>च. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको। | भू-सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र पूर्वाधार भएको। | क. कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाणपत्र भएको<br>ख. नेपाली नागरिक<br>ग. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. लिएको<br>घ. कर चुक्ता प्रमाणपत्र भएको<br>ङ. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको। | क. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा भएको<br>ख. आफ्नो नाममा भएका जग्गाका कित्ता विवरण भू-सूचना प्रणालीमा अद्यावधिक भएको<br>तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले सम्बन्धित कार्यालयमा गई डाटा अद्यावधिक गर्नुपर्नेछ। |

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय दोलखा

फोन : ०४९-४२१११९
फ्याक्स : ०४९-४२१०८२
email: dolakha@dolma.gov.np

भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधारः

क. कम्प्युटर
ख. प्रिन्टर
ग. ब्याकअप सिस्टम
घ. स्क्यानर
ङ. भू-सूचना प्रणालीसँग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाइस (Finger Print Device) र
च. Internet Connectivity कम्तीमा 2/2 Mbps को Dedicated Line भएको ।

अनुमति पत्रको दस्तुर, अवधि तथा नवीकरण सम्बन्धी व्यवस्थाः

१. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट खोल्नका लागि सम्बन्धित कार्यालयमा पाँच सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागि एक सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ ।
२. साधारण प्रयोगकर्ताले युजर एकाउण्टबाट नवीकरण नगरेको अवस्थामा अनलाइन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वतः निस्कृय हुनेछ ।

१. भू-सेवा केन्द्र सम्बन्धी अनुमति पत्र लिन देहाय बमोजिम दस्तुर लाग्ने छः
   क. व्यक्तिको हकमा तीन हजार रुपैयाँ
   ख. संस्थाको हकमा पाँच हजार रुपैयाँ
   उक्त दस्तुर यस कार्यालयको राजश्व खाता नं. ००१०१००००००००१००१००१ कार्यालय कोड ३३६०१२३०१ राजश्व शीर्षक नं. १४२१३ मा नेपाल बैंक लिमिटेड दोलखामा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।
२. भू-सेवा केन्द्र सञ्चालनको लागि अनुमति लिन चाहने व्यक्ति वा संस्थाले नेपाल बैंक लिमिटेड दोलखामा यस कार्यालयको धरौटी खाता नं. १३००१०००००२००३००००००१ मा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ । बैंक ग्यारेन्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ ।
   क. व्यक्तिको हकमा पचासै हजार रुपैयाँ
   ख. संस्थाको हकमा दुई लाख रुपैयाँ
३. स्थानीय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नवीकरण गर्न कुनै शुल्क लाग्नेछैन ।
४. भू-सेवा केन्द्र सञ्चालनको अनुमतिको अवधि एक आर्थिक वर्षको हुनेछ । तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा सोही आर्थिक वर्षको असार मसान्तसम्म हुनेछ ।
५. बैंक तथा वित्तीय संस्था, सहकारी, कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष जस्ता संस्थाहरुले धितोबन्धक, रोक्का वा फुकुवा प्रयोजनको लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको सम्बन्धित मालपोत कार्यालयमा अनलाइन निवेदन पेश गरी अनुमति प्राप्त गर्नुपर्नेछ । प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकता अनुसार आफना शाखा कार्यालयहरुलाई युजर वितरण गर्न सक्नेछन् ।

- थप जानकारीको लागि कार्यालयको सम्पर्क नं. ०४९-४२१११९ वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
- यो सूचनामा उल्लेख नभएका अन्य कुराहरु भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ बमोजिम हुनेछ ।

०७७/११/१३
राम कृष्ण उप्रेती
प्रमुख मालपोत अधिकृत